# सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि, २०७६

स्विकृत मिति:-२०७६।०३।१६

| संशोधन: | स्थानीय राजपत्रमा प्रकाशित मिति: |
| --- | --- |
| सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२ | २०८२/०९/२८ |

**प्रस्तावना:**

सङ्घीयता कार्यान्वयन संगै कर्मचारी समायोजन प्रकृया अगाडि बढ्ने क्रममा यस सिलिचोङ गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी अन्यत्र समायोजन भई गएका तर यस गाउँपालिकामा. कुनैपनि कर्मचारी समायोजन पकृयाबाट नआएको परिस्थितिमा गाउँपालिका. अन्तर्गत कार्यरत सरकारी सेवाका स्थायी तथा करारका कर्मचारीहरुलाई नै अतिरिक्त जिम्मेवारी दिई परिचालन गर्दै गाउँपालिकाका विषयगत शाखा तथा वडा कार्यालयको कार्य सम्पादन गर्न बान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो सिलिचोङ गाउँपालिको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धि कार्यविधि २०७६ जारी गरिएको छ

**१. संक्षिप्त नाम र प्रारम्भ : (क)** यस कार्यविधिको नाम सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धि कार्यविधि २०७६ रहेको छ ।

**(ख)** यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

**(क) गा.पा.** भन्नाले सिलीचोङ गाउँपालिकालाई बुझिने छ ।

**(ख) वडाध्यक्ष** भन्नाले सिलिचोङ गाउँपालिका ५ वटै वडाका वडाध्यक्षलाई बुझिने छ ।

**(ग) प्रमुख प्रशासकीय अधिकृत** भन्नाले सिलिचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझिने छ ।

**(घ)** *** कर्मचारी** भन्नाले भन्नाले वडा सचिव, विभिन्न शाखामा कार्यरत शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी, स्वास्थ्य शाखा अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अफिसर तथा प्रमुख प्रशासकीय अधिकृत लगायतलाई बुझिने छ।

**(ङ) अध्यक्ष** भन्नाले सिलिचोङ गाउँपालिको अध्यक्षलाई बुझिने छ ।

* पहिलो संशोधनद्वारा संशोधित।

सिलीचोङ गाउँपालिका कार्यालय

**३. कार्य जिम्मेवारी :** यस गाउँपालिका अन्तर्गत वडा तथा विषयगत शाखा लगायतमा कार्यरत जुनसुकै सेवाका स्थायी तथा करार कर्मचारिलाई प्रमुख प्रशासकिय अधिकृतले वडा तथा विषयगत शाखा तोकि निजले सम्पादन गरिरहेको जिम्मेवारीका अतिरिक्त लिखित रुपमा वार्ड कार्यालय तथा शाखाको थप जिम्मेवारि तोक्न सक्नेछ । प्रमुख प्रशासकीय अधिकृतले तोकेको जिम्मेवारी विना शर्त सम्पादन गर्नु सम्वन्धित कर्मचारीको प्रमुख दायित्व हुनेछ ।

[♥]**मेडिकल अफिसरको कार्य जिम्मेवारी:** ताम्कू प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अफिसरले निजको कार्यविवरण अनुसारको सबै कार्य तथा आवश्यकता अनुसार कार्यालय समयको अतिरिक्त समयमा समेत (२४ सै घण्टा) काम गर्नुपर्ने र गाउँपालिकाको पाँचवटै वडाको स्वास्थ्य संस्थाहरुमा महिनाको ३ पटक घुम्ती सेवा दिनुपर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले थप जिम्मेवारी तोक्न सक्नेछ।

**४. प्रोत्साहन भत्ता रकम र भुक्तानी सुरु मिति :**

**(क)** कर्मचारीले निजले खाइपाई आएको तलव स्केलको ४० प्रतिशतले नवढ्ने गरि प्रोत्साहन भत्ता उपलव्ध गराईने छ । निज कार्यालयको कामको शिलशिलामा भ्रमण स्विकृत तथा फिल्ड स्विकृत गरी गएमा उक्त भ्रमण तथा फिल्डलाई पनि कार्यालयको कामको आधार मानी मुल्यांकन गरिनेछ ।

**(ख)** [*]खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि मेडिकल अफिसरको हकमा आकस्मिक सेवा सहित २४ सै घण्टा सेवा दिएवापत र घुम्ति सेवा दिए वापत निजले खाईपाई आएको तलब स्केलको अधिकतम शत प्रतिशतले नबढ्ने गरी प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ।

यो कार्यविधि अनुसारको प्रोत्साहन भत्ता निज कर्मचारीको खाईपाई आएको तलव स्केलको ४० प्रतिशललाई १०० मानि अनुसुचि १ बमोजिमको मुल्याँकन फारममा प्राप्त प्राप्तांकको अनुपातमा बमोजिम प्रदान गरिनेछ।

**(ग)** यस कार्यविधि अनुसारको प्रोत्साहन भत्ता २०७६ श्रावण महिनादेखि प्रदान गरिने छ ।

**(घ)** आसार महिनाको प्रोत्साहन भत्ता आसार २० गतेसम्मको कार्यसम्पादनको मुल्यांकनलाई पुरा महिनाको कार्यसम्पादनको आधार मानि भुक्तानि गरिने छ ।

सिम्ता गाउँ कार्यपालिकाको कार्यालय

---

[♥] पहिलो संशोधनद्वारा थप।

[*] पहिलो संशोधनद्वारा थप।

**(ङ)** यस कार्यविधि अनुसारको प्रोत्साहन भत्ता यस सिलिचोङ गा.पा. को आन्तरिक श्रोतबाट प्रदान गरिने छ । आन्तरिक श्रोतबाट प्रोत्साहन भत्ता भुक्तानि भएपछि बाँकि भएमा मात्र अन्य क्षेत्रमा खर्च गरिने छ । आन्तरिक श्रोतबाट अपूग भएमा मात्र अन्य श्रोतबाट खर्च लेखिने छ ।

**५. कर्मचारीको कार्य मुल्याँकन :** **(क)** कर्मचारिको कार्य मुल्याँकान अनुसुचि १ बमोजिमको फारममा कुल १०० अंकलाई आधारमानी देहाय बमोजिम गरिने छ ।

**अ.** ८१ प्रतिशत देखि १०० प्रतिशत सम्मको मुल्यांकनमा खाईपाई आएको तलब स्केलको ४० प्रतिशत भुक्तानी गरिने छ ।

**आ.** ६० देखि ८० प्रतिशत सम्मको मुल्यांकनमा खाईपाई आएको तलब स्केलको ३० प्रतिशत भुक्तानी गरिने छ ।

**इ.** ५० देखि ६० प्रतिशत सम्मको मुल्यांकनमा खाईपाई आएको तलब स्केलको २० प्रतिशत भुक्तानी गरिने छ ।

**ई.** ५० प्रतिशत भन्दा कम मुल्यांकन भएमा प्रोत्साहन भत्ता उपलब्ध गराईने छैन ।

**(ख) वडा सचिवको कार्य मुल्याँकन :**

**(अ)** सम्वन्धित वडाको वडाध्यक्षले गर्ने मुल्याँकन - ५० प्रतिशत

**(आ)** प्रमुख प्रशासकिय अधिकृतले गर्ने मुल्याँकन - ५० प्रतिशत

**(ग) शाखा प्रमुखहरुको कार्य मुल्याँकन :**

**(अ)** प्रमुख प्रशासकिय अधिकृतले गर्ने मुल्याँकन - ५० प्रतिशत

**(आ)** गा.पा. अध्यक्षले गर्ने मुल्याँकन - ५० प्रतिशत

**(घ) प्रमुख प्रशासकिय अधिकृतको मुल्याँकन :**

**(अ)** गा.पा. अध्यक्षले गर्ने मुल्याँकन - १०० प्रतिशत

**६. करार सेवामा कार्यरत कर्मचारिको सम्वन्धमा :** करार सेवामा कर्यरत कुनैपनि कर्मचारीलाई कुनै विषयगत शाखाको शाखा प्रमुखको रुपमा जिम्मेवारि तोकिएको अवस्थामा निज कर्मचारीले पनि निज कार्यरत रहेको अवधिभर यस कार्यविधि बमोजिमको प्रोत्साह भत्ता प्राप्त गर्नेछ ।

**(७) खारेजि र बचाउ :** यस अघि भुक्तानि भएका सबै प्रकारका प्रोत्साहन भत्ताहरु यसै कार्यविधि बमोजिम भुक्तानि भएको मानिने छ ।

सिलिचोङ गाउँपालिकाको कार्यालय

## अनुसुचि - १

### दफा ४ को उपदफा (क) संग समवन्धित

कर्मचारीको नाम :

पदः

स्थायि ठेगाना :

कर्मचारी संकेत नं. :

हाल कार्यरत वाँड तथा शाखा :

मोवाईल नं.:

कर्मचारीको दस्तखत :

मुल्याँकन गरिएको महिना :

मितिः

| क.सं. | मुल्याँकन कर्ताको नाम | मुल्याँकन कर्ताको पद | प्राप्त अंक | मुल्याँकन कर्ताको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय